apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



पूर्वाधार आयोजनामा भीआईपीहरुको 'फिल्ड भिजिट' मोह, तिजामुखी कि दिक्दारी ?

समाचार पृष्ठ ४

● वर्षः १२ ● अंकः १४२ ● पृष्ठः ४ ● २६ जेठ २०८३ मंगलबार (09 June 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## रास्वपा सिरहा अधिवेशनस्थलमा झडप, निर्वाचन प्रक्रिया मंगलबार बिहानसम्म स्थगित

### नेतृत्व चयन विवाद उत्कर्षमा, केन्द्रीय निर्वाचन आयोगद्वारा हस्तक्षेप

अपन दैनिक संवाददाता
सिरहा, जेठ २५ गते



नेतृत्व चयनको विषयमा विवादसहित झडप भएपछि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी सिरहाको जिल्ला अधिवेशन स्थगित भएको छ । धनगढीमाई नगरपालिका-१० जिरोमाइलमा आयोजित अधिवेशनस्थलमा विवाद र झडप हुन थालेसँगै पार्टीको केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशनको निर्वाचन प्रक्र्या तत्कालका लागि स्थगन गर्न जिल्ला निर्वाचन संयोजकलाई पत्राचार गरेपछि मंगलबार बिहानसम्मका लागि स्थगन भएको हो ।

पत्रमा अधिवेशनको वस्तुस्थितिलाई सहज बनाउन निवर्तमान जिल्ला सभापति हरिप्रसाद मैनाली, प्रतिनिधिसभा सदस्यहरु पुरुषोत्तम यादव, बब्लु गुप्ता र शिव यादवसँग भिडियो कल संवादपछि जिम्मेवार पदाधिकारीहरुको सहमति तथा प्रतिबद्धताबमोजिम स्थगित गरिएको उल्लेख छ ।

केन्द्रीय आयोगको पत्रअनुसार अधिवेशनको निर्वाचन प्रक्र्या मंगलबार बिहान ९ बजेदेखि पुनः संचालन हुने छ । स्थानीय बुद्ध महिला बचत तथा ऋण सहकारी संस्था परिसरमा आइतबार साँझदेखि शुरु भएको निर्वाचन प्रक्र्यामा जिल्ला सभापति पदमा निवर्तमान सभापति मैनालीसहित तीनजनाको उम्मेदवारी परेको र सिरहाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्यहरुले हस्तक्षेप गरेपछि विवाद झडपमा परिणत भएको अधिवेशनमा सहभागीहरुले बताए ।

**सांसदहरुको गोप्य सहमतिपछि विवाद**

आइतबार जिरोमाइलमा अधिवेशनको उद्घाटन सत्रपछि रास्वपाको मधेश प्रदेश सभापतिसमेत रहेका सिरहा क्षेत्र नं. ४ का सांसद तपेश्वर यादव, क्षेत्र नं १ का सांसद बब्लु गुप्ता, क्षेत्र नं २ का सांसद शिव यादव, क्षेत्र नं ३ का सांसद शम्भु यादव र समानुपातिक सांसद पुरुषोत्तम यादवले तीन आकांक्षीमध्ये एकजनाको नाममा सहमति जुटाउन छलफल गरेका बताइएको छ । छलफलमा सांसद र जिल्ला सभापतिका आकांक्षीहरुले आ-आफ्नो अडान नछोडेपछि जिल्ला अधिवेशन निर्वाचन समितिले सोमबार बिहान १० बजेदेखि नेतृत्व चयनको प्रक्रिया थालिने सूचना जारी गरेको थियो ।

निर्वाचन प्रक्र्या थालिने सूचना जारी भएपछि आइतबार राती गोप्य रुपमा आफूहरु अनुकूल हुनेगरी बहुमत सांसदले रामसोगारथ यादवको

बाँकी पृष्ठ ३

## मधेश प्रदेशः टुक्रे योजना राख्न 'बार्गेनिङ' गर्दै विपक्षी !

अपन दैनिक संवाददाता
सिरहा, जेठ २५ गते




मधेश प्रदेश सरकारले ल्याएको आउँदो आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफल अगाडि बढ्न सकेको छैन । नीति तथा कार्यक्रम ल्याइएको दुई साता पुग्न लाग्दा समेत प्रतिपक्ष दलको अवरोधका कारण छलफल अगाडि बढाउन व्यवधान भएको हो ।

यही जेठ १५ गते मधेश प्रदेशसभामा प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । त्यसपछि नीति तथा कार्यक्रममाथि जेठ १८ गते छलफल राखिएको थियो । उक्त दिन नीति तथा कार्यक्रममाथिको छलफलमा संशोधनकर्ता सांसदले भाग लिए ।

बाँकी पृष्ठ ३

## सिरहा नगरपालिकामा ताल्चामाथि ताल्चा खुलेपछि सेवा सञ्चालन

अपन दैनिक संवाददाता
सिरहा, जेठ २५ गते



सिरहा नगरपालिकाको लेखा शाखामा लगाइएको ताल्चामाथिको ताल्चा सोमबार खोलिएको छ । वडा अध्यक्षहरुले विभिन्न माग राख्दै केही दिनअघि लेखा शाखामा तालाबन्दी गरेका थिए ।

तालाबन्दी खुलेसँगै नगरपालिकाको लेखा शाखाबाट हुने भुक्तानी तथा प्रशासनिक कामकाज पुनः

बाँकी पृष्ठ ४

## मधेश आन्दोलनका सहीद परिवारहरु फेरि आन्दोलित

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ २५ गते




मधेश आन्दोलनमा सहीद भएकाहरुको परिवारका सदस्यहरु फेरि आन्दोलित भएका छन् । उनीहरुले मंगलबार जनकपुरधामस्ति मुख्यमन्त्री कार्यालय घेराउ गर्ने भएका छन् । सोमबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै सहीद परिवारका सदस्यहरुले आफूहरुलाई अहिलेको प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण यादव र गृहमन्त्री फकिरा महतोले वेवास्ता गरेको आरोप लगाएका छन् । प्रदेश सरकारले सहीद परिवारका लागि उपलब्ध गर्ने भनिएका सेवा सुविधाबाट आफूहरुलाई वञ्चित गरिएको भन्दै अनिश्चितकालिन आन्दोलनको घोषणा गरेका छन् ।

गत वर्ष पनि प्रदेश सरकारको लापरवाहीका कारण मधेशी सहीद प्रतिष्ठानका लागि छुट्याइएको बजेट फ्रिज हुन पुगेको प्रतिष्ठानका सदस्य एवम सहीद चन्दन पटेलका पिता अवधेश पटेलले जानकारी दिए । उनले यस वर्ष पनि प्रतिष्ठानको बजेट फ्रिज

बाँकी पृष्ठ ४

## परीक्षार्थीको मोबाइल नष्ट गरेको विरोधमा सिरहामा प्रदर्शन

### 'विद्यार्थीलाई क्षतिपूर्ति दे सरकार' भन्दै जिल्ला प्रशासन कार्यालय घेराउ

अपन दैनिक संवाददाता
सिरहा, जेठ २५ गते




माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ का क्रममा जफत गरिएका मोबाइल फोन तथा स्मार्ट वाच नष्ट गरिएको विरोधमा सोमबार सदरमुकाम सिरहामा विद्यार्थीहरूले प्रदर्शन गरेका छन् । संयुक्त विद्यार्थी संगठनको आह्वानमा निकालिएको विरोध जुलुसले जिल्ला प्रशासन कार्यालय सिरहालाई घेराउ गर्दै पीडित विद्यार्थीलाई क्षतिपूर्ति र घटनाको निष्पक्ष छानबिनको माग गरेको हो ।

सदरमुकामस्थित सूर्यनारायण सत्यनारायण मोबैता यादव बहुमुखी क्याम्पसबाट सुरु भएको जुलुसमा सहभागी विद्यार्थीहरूले 'विद्यार्थीलाई क्षतिपूर्ति दे सरकार', 'विद्यार्थीमाथिको दमन बन्द गर', 'सिरहाका सिडिओलाई कारबाही गर' तथा 'सिरहाका एसपीलाई कारबाही गर' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।

संयुक्त विद्यार्थी संगठनका नेताहरूले स्पष्ट कानुनी आधारबिनै विद्यार्थीहरूको निजी सम्पत्ति नष्ट

बाँकी पृष्ठ ३

## ११ बुँदे मागसहित जनमत पार्टीले बुझायो प्रधानमन्त्रीलाई ज्ञापनपत्र



अपन दैनिक संवाददाता
काठमाडौं, जेठ २५ गते

डा. सीके राउत नेतृत्वको जनमत पार्टीले विभिन्न मागहरू राख्दै काठमाडौंको माइतीघर मण्डलमा प्रदर्शन गरेको छ ।

तराई-मधेशका मुद्दाहरू र आम नागरिकका जीविकाका सवालहरूलाई लिएर आयोजना गरिएको सो विरोध प्रदर्शनपछि पार्टीले सोमबार नै प्रधानमन्त्री बालेन शाहलाई ११ बुँदे ज्ञापनपत्र बुझाएको छ ।

प्रदर्शनमा सहभागी जनमत पार्टीका नेता तथा कार्यकर्ताहरूले मधेशका अधिकार, किसानका समस्या र सुशासनको पक्षमा नाराबाजी गरेका थिए ।

बाँकी पृष्ठ ३






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# निर्वाचन आयोगको हचुवा सुझावः संविधान संशोधन गरेर हरेक जिल्लालाई एक-एक निर्वाचन क्षेत्र बनाउने

## ११२ सदस्यीय राष्ट्रिय पञ्चायतको उदाहरण दिँदै कार्यवाहक निर्वाचन आयुक्तले भने- त्यो राम्रैसँग चलेको थियो

**मनोज सत्याल**



निर्वाचन आयोगले जनसंख्यालाई पूर्ण 'बाइपास' गर्दै हरेक जिल्लालाई एक-एक निर्वाचन क्षेत्र बनाउने गरी संविधान संशोधन गर्न सुझाव दिएको छ।

जनसंख्याको अनुपातमा निर्वाचन क्षेत्र कम भएको भन्दै मधेश केन्द्रित राजनीतिक दल र त्यहाँका जनताको विरोध जारी रहेका बेला देशको एक संवैधानिक अंगले भूगोलमा मात्र आधारित रहेर निर्वाचन क्षेत्र निर्धारण गर्ने 'हचुवा' सुझाव दिएको हो।

प्रधानमन्त्री बालेन शाहका राजनीतिक सल्लाहकार असिम शाह नेतृत्वको संविधान संशोधनका लागि बहसपत्र तयार गर्ने कार्यदललाई आयोगले दिएको सुझावमा देशका ७७ जिल्लालाई एक-एक निर्वाचन क्षेत्र कायम गर्न भनिएको छ।

निर्वाचन क्षेत्र निर्धारण गर्दा सामुदायिक प्रतिनिधित्वलाई मुख्य आधार मानिन्छ। कम जनसंख्याबाट प्रतिनिधित्व गर्ने व्यक्तिले धेरै जनसंख्या भएकाहरूलाई शासन गर्ने अवस्था नबनोस् भन्ने मान्यता राखिन्छ । यसै आधारमा २०४७ सालदेखि नै जनसंख्या र भौगोलिक अवस्थितिका आधारमा निर्वाचन क्षेत्र निर्धारण हुँदै आएको छ । २०७२ सालमा जारी भएको संविधानको मर्म पनि यही हो।

निर्वाचन आयोगले भने संविधानको मर्मसँग ठाडै बाझिने गरी जिल्लाका आधारमा ७७ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ २८ गरी १०५ सदस्यीय प्रतिनिधिसभा गठन गर्ने सुझाव दिएको छ। आयोगको सुझाव कतिसम्म हचुवा छ भने, यो जनसंख्या र भूगोल दुवै दृष्टिले कसैगरी पनि मेल खाँदैन ।

आयोगको प्रस्ताव संविधान संशोधनमार्फत स्वीकार गर्ने हो भने देशको झन्डै आधा जनसंख्या भएको तराईका २१ जिल्लामा २१ वटा मात्र सिट निर्धारण हुनेछ। जबकि, २० लाख जनसंख्या भएको काठमाडौं र ५ हजार ६ सय जनसंख्या भएको मनाङबाट एक-एक जना सांसद चुनिने छन्।

मधेशमा जनसंख्या आधारमा निर्वाचन क्षेत्रको माग कति ताजा छ भने, आज सोमबार नै काठमाडौंको माइतीघर मण्डलमा जनमत पार्टीले आयोजना गरेको विरोध प्रदर्शनको एउटा माग 'जनसंख्याका आधारमा निर्वाचन क्षेत्र कायम गर' भन्ने थियो।

संविधानको धारा ८४ मा जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा निर्वचन क्षेत्र निर्धारण गर्ने व्यवस्था छ। संविधानको यो मर्म विपरीत निर्वाचन आयोगले क्षेत्र घटाउने नाममा जनसंख्यालाई बेवास्ता गर्दै नयाँ सिट निर्धारणको प्रस्ताव गरेको हो।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले संविधान संशोधनको बहस भइरहेकाले मुलुकले धान्न सक्ने सानो आकारको प्रतिनिधिसभा बनाउन सुझाव दिएको बताए।

२०७२ सालमा जारी संविधानले प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र निर्धारण गरेको छ भने समानुपातिकतर्फ सिंगो देशलाई एक निर्वाचन क्षेत्र मानेर ११० जना निर्वाचित हुने व्यवस्था गरेको छ । यसलाई संशोधन गर्दै प्रतिनिधिसभा १०५ र राष्ट्रियसभा ३० सदस्यीय बनाउन आयोगले निर्णय नै गरेर सुझाव दिएको उनले जानकारी दिए।

'मुलुक सानो छ। बजेट एक मुठी छ,' आयोगको सुझावबारे प्रस्टीकरण दिँदै भण्डारीले भने, 'जनतालाई निचोरेर कर उठाउने गरिएको छ। अनि त्यही करबाट पाल्ने गरी धेरै जनप्रतिनिधि किन बनाउनुपर्‍यो ?'

उनले बरू संविधान संशोधन गर्दा जिल्लाको विभाजन घटबढ गर्न सकिने बताए।

'जनसंख्याको सन्तुलनका लागि सरकारले जिल्लाको विभाजन घटबढ गर्न सक्छ,' भण्डारीले भने, 'हाम्रो सुझाव एउटा जिल्लामा एउटा क्षेत्र तोक्न उपयुक्त हुन्छ भन्ने हो।'

उनले आफ्नो सुझावलाई जनसंख्या बाइपास गरेर भूगोललाई मात्र आधार मानिएको भन्न नमिल्ने जिकिर गरे।

'निर्वाचन क्षेत्रको भूगोल सरकारले परिवर्तन गर्न सक्छ । हामीले त प्रतिनिधिसभाको संख्या १०५ भन्दा ठूलो नबनाउन सुझाव दिएका हौं,' उनले भने।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले राजा महेन्द्रको समयमा नेपालमा ११२ सदस्यीय राष्ट्रिय पञ्चायतको निर्वाचन गरिएको उदाहरण दिँदै भने, 'त्यो बेलाको राष्ट्रिय पञ्चायत राम्रैसँग चलेको थियो । पछिल्लो राजनीतिक विसंगतिको कारण धेरै जनप्रतिनिधि हुनु पनि हो। हामीले घनिभूत छलफल गरेर यस्तो सुझाव दिएका हौं।'

राष्ट्रिय पञ्चायतको व्यवस्था २०१९ सालको संविधानमा थियो। जसमा १ सय ३५ सदस्य रहन्थे। त्यतिबेला ७५ जिल्लाबाट १ सय १२ जना र २३ जना राजाले मनोनित गर्ने व्यवस्था थियो। जबकी त्यतिबेला समेत इलाम, झापा, भोजपुर, मोरंग, सुनसरी, सिरहा, सप्तरी, खोटाङ, रामेछाप, सर्लाही, धनुषा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, बारा, पर्सा, रौतहट, मकवानपुर, चितवन, गोरखा, तनहुँ, कास्की, स्याङ्जा, बाग्लुङ, गुल्मी, पाल्पा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, रोल्पा, दाङ, दैलेख, अछाम र बैतडीमा दुई-दुई सिट थिए । अर्थात् त्यतिबेला समेत जनसंख्याका आधारमा निर्वाचन क्षेत्र तोकिएको देखिन्छ।

विगतमा राजनीतिक प्रभावका आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिएकाले समस्या भएको भण्डारीको तर्क छ।

'रामेछाप जिल्लामा एउटा मात्र निर्वाचन क्षेत्र छ । त्यहाँ एक लाख ८७ हजार मतदाता छन्,' भण्डारीले उदाहरण दिँदै भने, 'काठमाडौंको क्षेत्र नम्बर १ मा महानगरका केही वडा मात्र छन्। त्यहाँ ५० हजारभन्दा थोरै मतदाता छन्। १० हजार मत ल्याए जित्ने अवस्था छ।'

उनले अगाडि भने, 'यसअघि पनि जनसंख्या र भूगोललाई आधार मानिएको थिएन । नेताहरूको चयनमुखी निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो। हामीले चयनमुखी नगर, बराबर गर भनेका हौं।'

आयोगले सुझाव मात्र दिएको तर स्वीकार गर्ने कि नगर्ने भन्ने अधिकार सरकारसँग रहेको भण्डारीले बताए।

**अहिले कुन जिल्लामा कति छ निर्वाचन क्षेत्र ?**

२०७४ सालमा निर्वाचन क्षेत्र निर्धारण आयोगले ७७ जिल्लामध्ये ३५ वटामा एउटा मात्र निर्वाचन क्षेत्र निर्धारण गरेको थियो । बाँकी जिल्लामा जनसंख्याका आधारमा निर्धारण भएका थिए।

त्यसमध्ये २१ वटा जिल्लामा २ वटा निर्वाचन क्षेत्र छन् भने सात जिल्लामा ३, नौ जिल्लामा ४, तीन जिल्लामा ५ र एउटा जिल्लामा ६ निर्वाचन क्षेत्र निर्धारण गरिएका छन्।

सबभन्दा धेरै काठमाडौंमा १० वटा निर्वाचन क्षेत्र छ। संविधानले प्रत्येक २० वर्षमा निर्वाचन क्षेत्र पुनर्निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ।

**विगतमा कसरी भएको थियो निर्वाचन क्षेत्र निर्धारण ?**

२०४७ सालमा नयाँ संविधान जारी भएपछि पहिलो पटक निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसख्यालाई आधार मानिएको थियो।

त्यति बेला २०३८ सालको जनसंख्यालाई २०५ ले भाग गरी औसत संख्या निकालिएको थियो। त्यस आधारमा औसतभन्दा कम जनसंख्या भएका जिल्लामा एक निर्वाचन क्षेत्र र बढी भएका जिल्लाका हकमा समानुपातिक ढंगले सिट निर्धारण भएको थियो।

२०५१ सालमा पनि आयोगले त्यसैगरी २०४८ सालको जनगणनालाई आधार मानेर सिट निर्धारण गरेको थियो।

जनसंख्याका आधारमा राष्ट्रिय औसत निकालेर निर्वाचन क्षेत्र निर्धारण गर्दा त्यति बेला ८ वटा जिल्लामा औसतभन्दा कम जनसंख्या पाइएको थियो। ती जिल्लामा एउटा निर्वाचन क्षेत्र निर्धारण गरियो।

त्यसपछि बाँकी जिल्लाको दोस्रो औसत निकालियो, जसका आधारमा थप ६ वटा जिल्लामा एउटा मात्र निर्वाचन क्षेत्र बनेका थिए । अर्थात्, भूगोल र जनसंख्याका आधारमा त्यति बेला निर्वाचन क्षेत्र निर्धारण गरिएका थिए। यस अनुसार १४ वटा जिल्लामा एउटा निर्वाचन क्षेत्र बनेको थियो । बाँकी जिल्लामा समानुपातिक हिसाबले सिट निर्धारण गरिएको थियो।

२०५९ सालमा जनसंख्या घटबढका आधारमा औसत हिसाब गर्दा २०५१ सालको सिट निर्धारण केही तलमाथि गरिएको थियो । यस अनुसार झापा र पाल्पामा एक-एक निर्वाचन क्षेत्र घटेको थियो भने उदयपुर र कैलालीमा एक-एक वटा थप भएका थिए।

तर त्यति बेला उक्त निर्वाचन क्षेत्रका आधारमा निर्वाचन भएन।

२०६४ सालमा पहिलो संविधानसभा निर्वाचनअघि भूगोल र जनसंख्याका

बाँकी पृष्ठ ३ ▶▶

# सम्पादकीय...

## विवादबाट निकासतर्फ सिरहा नगरपालिका

सिरहा नगरपालिका लामो समयदेखि जनप्रतिनिधि र कर्मचारीबीचको द्वन्द्वका कारणले ठप्प जस्तै थियो। जसले गर्दा नगरपालिको आर्थिकदेखि पूर्वाधार विकासका कामहरु नै अवरुद्ध हुन पुगेको थियो। नगरपालिकाको लेखा शाखामा अलग अलग समूहबाट लगाइएको तालाबन्दी खोलिएको छ। नयाँ प्रमुख प्रशासकीय अधिकृत आउने प्रक्रिया अघि बढेको छ। जसले गर्दा प्रशासनिक र आर्थिक गतिविधिले पुनः गति लिने भएको छ। जुन सकारात्मक संकेत हुन्। यसले सिरहा नगरवासीमा पनि स्थानीय सरकारले पुनः नियमित ढंगले आफ्नो सेवा प्रवाहलाई गति दिने अपेक्षा बढाएको छ।

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। त्यसैले नगरपालिकाभित्रको आन्तरिक विवादको प्रत्यक्ष असर जनतामाथि पर्छ। सिरहा नगरपालिकामा देखिएको विवादले आर्थिक कारोबार, विकास निर्माण, समाजिक क्षेत्र, योजना कार्यान्वयन तथा सेवा प्रवाहमा अवरोध सिर्जना गरेको थियो। यसको असर केवल कार्यालयभित्र सीमित रहेन, नगरवासीले पाउनुपर्ने सेवा र विकासका कामसमेत प्रभावित भए। यस्तो अवस्था कुनै पनि स्थानीय तहका लागि दुर्भाग्यपूर्ण हो। तात्कालीन प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुसँग सम्बन्धित विवादका कारण उत्पन्न परिस्थितिले नगरपालिकाको समग्र कार्यसम्पादनमा असर पुर्‍यायो। निर्वाचित जनप्रतिनिधिहरूले विवाद समाधानका लागि काठमाडौंसम्म पुगेर पहल गर्नु र संघीय तहबाट नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाउने प्रक्रिया अघि बढाएपछि नगरले निकास पाउने भएको छ।

त्यही भएर सिरहा नगरपालिकाका सबै पक्षले विगतका कटुता र आरोप-प्रत्यारोपलाई पछाडि छोडेर संस्थागत हितलाई प्राथमिकता दिनुपर्छ। जनप्रतिनिधि र कर्मचारीबीच सहकार्य, समन्वय र पारस्परिक सम्मानबिना स्थानीय सरकार प्रभावकारी बन्न सक्दैन। कानुनले तोकेको अधिकार क्षेत्रभित्र रहेर दुवै पक्षले आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। विशेष गरी सिरहा नगरपालिकासामु महत्वपूर्ण जिम्मेवारीहरू काँधमा आईपुगेको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम निर्माण, बजेट तर्जुमा, विकास योजनाको छनोट र चालु आर्थिक वर्ष २०८२/०८३ का बाँकी कामको सम्पन्न गर्नुपर्ने जस्ता विषय छ। विवादका कारण खेर गएको समयलाई अब तीव्र कार्यगतिमा रूपान्तरण गर्नुपर्ने आवश्यकता छ। व्यक्तिगत वा समूहगत स्वार्थभन्दा संस्थागत हित ठूलो भएकोले सिरहा नगरपालिकाभित्रको असहमति संवाद र कानुनी प्रक्रियामार्फत समाधान गरिनुपर्थ्यो। त्यसमा प्रयास भएपनि अझ फराकिलो दायराका हुनपर्नेमा चुक भएको थियो। सिरहा नगरपालिका अहिले एउटा नयाँ मोडमा उभिएको छ। नगरवासीले विवाद नभएर विकास चाहेकोले नगरका हरेक सम्बन्धित पक्षले गम्भीरता भएर अघि वढ्नुपर्छ। जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित सबै सरोकारवालाले जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै नगरपालिकालाई सुशासन, पारदर्शिता र विकासको मार्गमा अघि बढाउनु सशक्त भूमिका खेल्नुपर्छ।

# आजको राशिफल

**मेष** : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**बृष** : आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ। खर्च भए पनि विभिन्न अवसरले पछ्याउनेछन्।

**मिथुन** : नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कर्कट** : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ।

**सिंह** : रमाइलो यात्राको अवसर जुट्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ।

**कन्या** : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ।

**तुला** : प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ।

**वृश्चिक** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ।

**धनु** : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**मकर** : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।

**कुम्भ** : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ।

**मीन** : अध्ययन अध्यापनमा प्रगति हुनेछ। बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# डीआरसीएनले सार्वजनिक गऱ्यो निर्वाचन पर्यवेक्षण प्रतिवेदन

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २५ गते**

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)ले प्रतिनिधिसभा निर्वाचन २०८२ को पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गरेको छ।

निर्वाचनपूर्वको वातावरण, निर्वाचन आयोगको तयारी, प्रचारप्रसार, आचारसंहिता पालना, मतदान प्रक्रिया, मतगणनालगायतको प्रत्यक्ष अवलोकन, सरोकारवालासँगको अन्तर्क्रिया र सङ्कलित तथ्याङ्कको विश्लेषणका आधारमा डीआरसीएनले प्रतिवेदन तयार पारेको हो।




निर्वाचनले जेन-जी आन्दोलनपछि उत्पन्न संवैधानिक र राजनीतिक सङ्कटलाई निकाश दिएको डीआरसीएनको प्रतिवेदनमा उल्लेख छ। निर्वाचन आयोगले संरचनात्मक निर्भरता तथा कानूनी जटिलताका बाबजुद निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको भए पनि जनशक्ति व्यवस्थापनमा देखिएका असंगति तथा तालिमको प्रभावकारितामा कमीजस्ता पक्षहरूले यसको कार्यसम्पादनमा चुनौती सिर्जना गरेको डीआरसीएनको निष्कर्ष छ।

उक्त प्रतिवेदनका अनुसार निर्वाचनसम्बन्धी विभिन्न कानूनहरूको दोहोरोपन र कतिपय अवस्थामा अस्पष्टताले कार्यान्वयन जटिल बनाएको र मतदाता नामावली व्यवस्थापन, बेजिल्ला मतदान, विदेशमा रहेका नेपालीको मतदान अधिकार र 'नोटा' गर्ने व्यवस्थाजस्ता विषयहरू अझै कार्यान्वयन नभएकाले समावेशी र पूर्ण सहभागितामूलक निर्वाचन प्रणाली सुनिश्चित गर्न थप पहल आवश्यक देखिएको छ।

प्रतिवेदन लोकार्पण गर्दै कार्यवाहक

बाँकी पृष्ठ ४ ▸▸

## ११ बुँदे मागसहित जनमत पार्टीले ............

जनमत पार्टीले प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा विशेष गरी विगतमा सरकारसँग भएका २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौताहरूको पूर्ण कार्यान्वयनको माग गरिएको छ। यस्तै, मधेश आन्दोलनका क्रममा भएको दमन र घटनाको छानबिनका लागि गठित 'लाल आयोग'को प्रतिवेदन सार्वजनिक गर्न र आन्दोलनकारीमाथि लागेका झुठा मुद्दाहरू फिर्ता लिन माग गरिएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

AD
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

## परीक्षार्थीको मोबाइल नष्ट गरेको विरोधमा .............

गरिएको आरोप लगाउँदै बरामद गरिएका मोबाइलको उचित मूल्यांकन गरी सम्बन्धित विद्यार्थीलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन्। विद्यार्थी नेता नवरत्न साहले परीक्षा अनुशासन कायम गर्ने नाममा विद्यार्थीमाथि अन्यायपूर्ण व्यवहार गरिएको दाबी गर्दै घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन हुनुपर्ने बताए।

गत चैतमा सम्पन्न एसईई परीक्षाका क्रममा सिरहा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन तथा पाँच वटा स्मार्ट वाच गरी कुल ५०१ थान विद्युतीय उपकरण बरामद गरिएको थियो। जिल्ला परीक्षा समन्वय समितिको निर्णयअनुसार ती सामग्री जिल्ला प्रहरी कार्यालय सिरहाको परिसरमा पानीमा डुबाएर प्रयोगविहीन बनाई नष्ट गरिएको थियो। स्थानीय मोबाइल व्यवसायीहरूका अनुसार नष्ट गरिएका सामग्रीको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको छ।

जिल्ला परीक्षा समन्वय समितिले मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीको निर्देशन तथा २०८२ चैत १६ गतेको समितिको निर्णयका आधारमा उक्त कार्यान्वयन गरिएको जनाएको छ। यद्यपि, जफत गरिएका निजी सम्पत्ति स्थायी रूपमा नष्ट गर्ने अधिकार कुन कानुनी व्यवस्थाले दिएको हो भन्ने विषयमा कानुनविद्, अभिभावक तथा नागरिक समाजका प्रतिनिधिहरूले प्रश्न उठाइरहेका छन्।

यता, जिल्ला प्रशासन कार्यालयले भने बरामद मोबाइलहरूमा व्यक्तिगत तथा संवेदनशील सूचना रहेको र गोपनीयता संरक्षणका लागि नष्ट गर्ने निर्णय गरिएको बताउँदै आएको छ। तर, विद्यार्थी संगठनहरूले उक्त निर्णयलाई अस्वीकार गर्दै आफ्ना माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन्।

मोबाइल नष्ट प्रकरणले अहिले परीक्षा अनुशासन, निजी सम्पत्तिको अधिकार, प्रशासनिक अधिकारको सीमा तथा विधिसम्मत प्रक्रियाबारे राष्ट्रियस्तरमै बहस सिर्जना गरेको छ।

## मधेश प्रदेशः टुक्रे योजना राख्न 'बार्गेनिङ' गर्दै ..........

त्यसको भोलिपल्ट (जेठ १९) दोस्रो दिनको छलफलमा विपक्षी जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले अवरोध गरेपछि बैठक स्थगन गरियो।

सरकारले प्रदेशसभालाई छलेर दुई आयोगमा सदस्य नियुक्त गरेकाले बैठक सञ्चालनमा आफूहरूले अवरोध गरेको जसपाका सांसद सञ्जयकुमार यादवले बताएका थिए। सरकारले उक्त निर्णय नसच्याए र सदनमा आएर माफी नमागेसम्म बैठक सञ्चालन गर्न नदिने उनले चेतावनी दिएका थिए।

लगत्तै सभामुख रामअशिष यादवले बैठक १० मिनेटका निम्ति स्थगन गरे। र, दलहरूसँग छलफल गरे। तर, सहमति हुन नसकेपछि बैठक अर्को सूचना नभएसम्मका निम्ति स्थगन गरेका थिए। त्यसयता नीति तथा कार्यक्रममाथि छलफल भएको छैन।

जेठ १२ गते प्रदेश सरकारले जनलोकपाल आयोग सदस्यमा महोत्तरीको औरही नगरपालिका-७ का सञ्जीवकुमार झा र औरही-८ की सुजाता विमललाई नियुक्त गरेको थियो। प्रदेश लोकसेवा आयोग सदस्यमा धनुषाकी सबैला नगरपालिका-३ की विमला यादवलाई नियुक्त गरिएको थियो।

यी दुवै आयोगको नियुक्तिसम्बन्धी प्रावधानमा तीन सदस्यीय एक समिति रहने व्यवस्था छ। त्यसमा प्रदेशसभाका सभामुख र विपक्षी दलका नेतासहित मुख्यमन्त्री रहने प्रावधान छ। तर, सभामुखलाई समेत जानकारी नदिई सदस्य नियुक्त गरिएको विपक्षीको आरोप छ। निर्णय सच्याएर सरकारले सदनमा माफी माग्नुपर्ने उनीहरूको अडान छ।

सत्तापक्षले भने यी आरोप अस्वीकार गर्दै आएको छ। "आयोगको नियुक्ति कुनै मुद्दा नै होइन। यसमा सबै जिम्मेवार व्यक्तिलाई (नियुक्तिको निर्णय गर्नेसम्बन्धी बैठकमा) आमन्त्रण गरिएकै थियो। उहाँहरू व्यस्त भएर आउनु भएन," सरकारका एक मन्त्रीले भने, "उहाँहरूको मुख्य माग हो, टुक्रे योजना राख्नुपर्ने र प्रदेशसभा सदस्यको स्वकीय सचिवलाई तलब खुवाउनुपर्ने।"

विपक्षीले सदन अवरुद्ध र सरकारसँगको छलफलमा पनि यी दुई माग राख्दै आएका उनले जिकिर गरे।

सांसदले राखेका स्वकीय सचिवको तलब १० महिनादेखि दिइएको छैन। तत्कालीन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले स्वकीय सचिव हटाउने निर्णय गरेपछि तलब रोकिएको छ। उक्त तलब दिन अरू सबै सहमत भए पनि प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाले मानेका छैनन्।

यस्तै, गएको वैशाख १२ गते मधेश सरकारले सत्तारूढ दलसँग १५ बुँदे सहमति गरेको थियो। आउँदो आर्थिक वर्षको बजेटमा एक करोड रुपैयाँभन्दा कमको योजना नराख्ने त्यति बेलाको सहमति थियो।

तर, विपक्षी दल जसपा, जनमत र राप्रपाले उपभोक्ता समितिबाट काम गराउन सक्ने टुक्रे योजना राख्नुपर्ने माग गर्दै आएका छन्। यो विषयमा सरकार र विपक्षीबीच दुईपटक बैठक बसे पनि सहमति जुटेको छैन।

## निर्वाचन आयोगको हचुवा सुझावः संविधान संशोधन ..............

आधारमा फरक फरक हिसाबले निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो। हिमाली क्षेत्रमा रहेका १६ र पहाडी क्षेत्रका ३९ जिल्लाको भौगोलिक हिसाबले सिट निर्धारण भएको थियो भने तराईका २० जिल्लाको जनसंख्याका आधारमा सिट निर्धारण गरिएको थियो।

जनसंख्याका आधारमा मधेशमा ११६ सिट कायम भएको थियो। त्यति बेला २० वटा जिल्लाको औसत जनसंख्या हिसाब गर्दा ९४ हजार जनसंख्या बराबर एक सिट निर्धारण गरिएको थियो।

पहिलो संविधानसभामा २४० सिट निर्धारण गरेर निर्वाचन भएको थियो। २०७० सालमा दोस्रो संविधानसभा निर्वाचन समेत त्यसै आधारमा गरिएको थियो।

नयाँ संविधान जारी भएपछि मुलुकमा १६५ निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो। त्यति बेला जनसंख्या र भौगोलिक अवस्थितिका आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो।

**के आधारमा गरिन्छ निर्वाचन क्षेत्र निर्धारण ?**

निर्वाचन क्षेत्र निर्धारण गर्दा सामुदायिक प्रतिनिधित्वलाई मुख्य आधार मानिन्छ। उदाहरणका लागि, कुनै ठाउँमा थारू जनजातिको बाहुल्य छ भने त्यस्तो बाहुल्य भएको क्षेत्रलाई फरक फरक ठाउँमा विभाजन गर्नुको साटो उनीहरूको प्रतिनिधित्व एकै ठाउँमा हुने गरी क्षेत्र निर्धारण गरिन्छ।

यसले थारूहरूको प्रतिनिधिसभामा प्रतिनिधित्व होस् भन्ने सोचिन्छ।

दोस्रो आधार भने मतभारलाई मान्ने गरिन्छ। प्रत्येक नागरिकको समान हैसियत भएकाले उनीहरूले हाल्ने मतको भार पनि बराबर हुने गरी सिट निर्धारण गर्नुपर्ने मान्यता हुन्छ।

कुनै ठाउँमा एक लाखले एउटा उम्मेदवार छान्ने र कुनै ठाउँमा ५ हजारले उम्मेदवार छान्दा उनीहरूको मतभार तलमाथि हुन्छ। अर्थात्, कम जनसंख्याबाट प्रतिनिधित्व गर्ने व्यक्तिले धेरै जनसंख्या भएकाहरूलाई शासन गर्ने अवस्था नबनोस् भन्ने मान्यता राखिन्छ।

निर्वाचन क्षेत्र निर्धारणमा जनसंख्याका साथै बाटोघाटो र नदीनालाको अवस्था समेत हेर्ने गरिन्छ।

निर्वाचन प्रचारका लागि उम्मेदवारलाई सहज हुने/नहुने, आवागमन र बाटो जस्ता अवस्था हेर्ने गरिएको छ। नदी तरेर मतदाता आउनुपर्ने अवस्था हुने/नहुने लगायतका अवस्था हेरेर पानीढलोका आधारमा समेत क्षेत्र निर्धारण गरिन्छ।

**पहिलो निर्वाचन १०९ सिटमा**

नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि पहिलो पटक २०१५ सालमा प्रजातान्त्रिक व्यवस्था अनुकूल निर्वाचन भएको थियो। त्यति बेला १०९ निर्वाचन क्षेत्रमा चुनाव गरिएको थियो। फागुन ७ गतेबाट सुरू भएको निर्वाचन चैत २८ गतेसम्म ४५ दिन चलेको थियो। प्रतिनिधिसभाको उम्मेदवार बन्न २५ वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था थियो। मत खसाल्न २१ वर्ष उमेर पुग्नुपर्ने व्यवस्था थियो।

अहिले पनि संविधानले २५ वर्ष उमेर पूरा पुगेको व्यक्ति प्रतिनिधिसभा सदस्य बन्न सक्ने व्यवस्था छ। तर निर्वाचन आयोगले यस्तो उमेर घटाएर संविधानबाटै २१ वर्ष कायम गर्न सुझाव दिएको छ।

असिम शाह नेतृत्वको संविधान संशोधन सम्बन्धी बहसपत्र तयार गर्ने कार्यदलले पूर्वप्रधानमन्त्रीहरूसँग पनि सुझाव लिइरहेको छ। सुझाव संकलनपछि बहसपत्र सार्वजनिक गर्ने तयारी कार्यदलको छ।

## रास्वपा सिरहा अधिवेशनस्थलमा झडप .............

नेतृत्वमा कार्यसमिति चयन गरी मान्यता दिन निर्वाचन समितिलाई पत्र पठाएको भन्दै विवाद भएको निवर्तमान सभापति मैनालीसहित अर्का आकांक्षी पक्षको आरोप छ। लाकतान्त्रिक प्रकृयाबाट नेतृत्व छनौट गर्ने भन्दै उद्घाटन अगावै उम्मेदारी दर्ता गर्न लगाएर बन्दसत्र नै नगरी सहमतिको प्रयासको नाममा आफू अनुकूलको नेतृत्व चयन गर्न खोजिएपछि विवाद भएको उनीहरुको आरोप छ। जिल्ला सभापतिका लागि मैनालीसहित सुभाष यादव र रामसोगारथ आकांक्षी थिए।

**नेतृत्व चयनको प्रकृया नै उल्टो**

अधिवेशनमा सहभागी एक पालिका सभापतिका अनुसार अधिवेशनको उद्घाटन सत्रपछि बन्द सत्र संचालन गर्ने, त्यसमा पार्टीको संगठनात्मक प्रगतिसहित आगामी योजनाको विषयमा छलफल र सहमतिपछि मात्र भावी नेतृत्वको विषयमा छलफल गरिनुपर्ने सामान्य प्रकृया उल्टाएर उद्घाटन अगावै उम्मेदवारी दर्ता गराएपछि विवाद भएको हो। 'उद्घाटन सत्र नहुँदै उम्मेदवारी दर्ता गरियो, नयाँ दल त्यसमा पनि सत्तारुढ पार्टी भएकाले स्वाभाविक रुपमा आकांक्षीहरु बढ्न पुगे' नाम उल्लेख नगर्ने शर्तमा उनले भने 'उम्मेदवारी दर्ता गरेको आकांक्षीले बन्द सत्र नै नगरी फिर्ता लिन मान्छन् त ?'

रास्वपाको विधानअनुसार जिल्ला कार्यसमितिमा सभापति, उपसभापति, सचिव र सहसचिव एक/एक जना तथा पाँच जना समावेशी सदस्य रहन्छन्। एक कोषाध्यक्ष र थप दुई सदस्य जिल्ला सभापतिले मनोनित गर्न पाउने व्यवस्था छ। रास्वपाको सिरहा जिल्ला कार्यसमितिका लागि सभापतिमा तीन, उपसभापति र सचिवमा चार/चार, सहसचिवमा ६ तथा सदस्यमा २७ आकांक्षीहरुको उममेदवारी परेको निर्वाचन समितिले जनाएको छ।




सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

# पूर्वाधार आयोजनामा भीआईपीहरूको ‘फिल्ड भिजिट’ मोह, नतिजामुखी कि दिक्दारी ?

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २५ गते**

पूर्वाधार विकास मन्त्री सुनील लम्साल शनिबार साँझ सिरहा र धुनषा जिल्लालाई जोड्ने हुलाकी राजमार्गको कमला पुलको स्थलगत निरीक्षणमा पुगे। मन्त्री सो स्थानमा पुग्दा पनि स्थानीय खुसी देखिएनन्। किनकि लम्साल भन्दा अगाडि सो पुलको स्थलगत अनुगमन भन्दै १७ जना मन्त्रीहरू पुगिसकेका थिए।

यसपटक लम्साल सो स्थानमा पुगे, काम गरेर देखाउने जवाफ पनि दिए। तर, स्पष्ट कार्ययोजना नआएको भन्दै स्थानीयले नाराबाजी गरेपछि उनी सो स्थानबाट हिँड्न बाध्य भए। यो पुल १५ वर्षदेखि अलपत्र छ। स्थानीयले उत्तिनै वर्षदेखि सास्ती भोगिरहेका छन्। समस्या स्थानीय स्तरमा भन्दा पनि राज्य संयन्त्र र उसको परिपाटीमा छ। जनताले सोही जवाफ मन्त्रीसँग खोजेको थिए।

हुलाकी कमला पुल संघर्ष समितिका संयोजक इन्जिनियर प्रविन यादवका अनुसार मन्त्री लम्साालले हामी बोल्न होइन, काम गर्न आएका हौं, काम गरेर देखाउँछौं भनेका थिए। तर, स्थानीय उनीसँग पनि आश्वस्त हुन सकेनन्। पुल निर्माणको भविष्यबारे स्पष्ट धारणा नआएको भन्दै स्थानीय आक्रोशित बनेका थिए।

मन्त्री लम्सालले भौतिक पूर्वाधार मन्त्रालय सम्हालेपछि उही शैली दोहोऱ्याएका छन्, जुन विगतमा असफल भइसकेको छ। नेपालमा पूर्वाधार आयोजना निर्माणमा एक प्रकारले भन्ने हो भने इकोसिस्टम नै बिग्रिसकेको छ। भीआईपीको भ्रमणले नतिजा दिने नभई अधिक दिक्दारी निम्त्याइरहेको छ।



पूर्वभौतिक सचिव केशवकुमार शर्मा सामान्यतया आयोजनाको वस्तुस्थिति बुझ्न स्वयम् नेतृत्व फिल्डमा जानुलाई अनर्थ मान्न नहुने बताउँछन्। तर, जो नेतृत्वमा आए पनि उही त रहेछ नि भन्ने प्रवृत्ति हावी हुँदा स्थानीयमा असन्तुष्टि आएको भन्दै उनले नेतृत्वको भ्रमणले समस्या सल्टाउन भूमिका खेल्नुपर्ने बताउँछन्।

‘विगतमा धेरै आयोजना उच्चस्तरीय नेतृत्वको भ्रमणपछि समस्या सल्टिएर कामले गति लिएका उदाहरण पनि छन्,’ उनी भन्छन्, ‘जुन जोगी आए पनि उही हुन् भन्ने जुन आम धारणा बनेको छ, त्यसलाई चिर्न सक्नुपऱ्यो।’

पूर्वाधार मन्त्री लम्सालले कार्यभार सम्हालेयता अधिकांश समय फिल्डमै बिताएका छन्। पेशाले समेत स्वयम् इन्जिनियर भएका कारण आयोजनाका समस्या र सम्भावनाबारे समेत उनी केही न केही जानकार छन्। थप जानकारी लिएर आयोजना कार्यान्वयनमा सहजीकरण गर्न खोज्नुलाई अस्वभाविक मान्न नहुने नेपाल निर्माण व्यवसायी महासंघका महासचिव शिवहरी घिमिरे बताउँछन्।

‘उहाँ आफै पनि धेरै समस्याबारे जानकार हुनुहुन्छ,’ उनी भन्छन्, ‘विगतमा जे जस्तो भए पनि यस पटक भने उहाँको फिल्ड भिजिटले सकारात्मक नतिजा ल्याउनेमा हामी विश्वस्त छौं।’ घिमिरेले भनेजस्तै मन्त्री लम्सालले आफ्नो दक्षतालाई आयोजनाले भोगिरहेका वास्तविक समस्या सल्टाउन कसरी प्रयोग गर्छन्, त्यसका लागि केही समय कुर्नुपर्ने हुन्छ।

विभागीय मन्त्रीका हैसियतमा पूर्वाधार आयोजनाको निरिक्षणमा लम्साल निस्कनु स्वभाविक थियो। तर, वर्तमान सरकार गठन भएपछि आफ्नो कार्यक्षेत्र भन्दा पनि बाहिर गएर समेत फिल्ड भिजिटमा मन्त्री पुग्ने र निर्माण कम्पनी तथा कर्मचारीलाई दवाव दिने प्रवृत्ति देखिएको छ।

# मधेश प्रदेश सरकार र नेपाली सेनाको संयुक्त आयोजनामा विपद् प्रतिकार्य अभ्यास



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २५ गते**

मधेश प्रदेश सरकार र नेपाली सेनाको मध्य पूर्वी पृतनाको संयुक्त आयोजनामा सर्लाहीको बागमती नगरपालिका-११ स्थित बागमती नदी किनारमा प्रदेशस्तरीय विपद् प्रतिकार्य सम्बन्धी अभ्यास सम्पन्न भएको छ।

जेठ २२ गते सञ्चालन गरिएको उक्त अभ्यास ‘हातेमालो-८’ नामक कार्यक्रमअन्तर्गत सम्पन्न भएको हो। नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो अभ्यास आयोजना गरिएको हो।

अभ्यासमा बाढी, डुबान तथा अन्य प्राकृतिक विपद्को अवस्थामा तत्काल उद्धार, राहत वितरण तथा समन्वयात्मक प्रतिकार्य कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा व्यवहारिक अभ्यास गरिएको जनाइएको छ।

कार्यक्रममा सुरक्षा निकाय, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो। सहभागीहरूले विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन अवस्थामा तदारुकतासाथ परिचालन क्षमता बढाउन यस्ता अभ्यास महत्वपूर्ण हुने बताएका छन्।

नेपाली सेनाले यस्ता संयुक्त अभ्यासहरूले प्रदेशस्तरमा विपद् प्रतिकार्य प्रणालीलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ।

# मधेश प्रदेशलाई संघ सरकारबाट ३० अर्बभन्दा बढी अनुदान

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २५ गते**

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सरकारलाई विभिन्न शीर्षकमा ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँभन्दा बढी अनुदान तथा राजस्व बाँडफाँट उपलब्ध गराउने भएको छ।




संघीय सरकारद्वारा सार्वजनिक बजेट तथा वित्तीय हस्तान्तरण विवरणअनुसार मधेश प्रदेशले समानीकरण अनुदान अन्तर्गत ७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्ने अर्थ मन्त्रालयले जनाएको छ।

यस्तै, राजस्व बाँडफाँट मार्फत १२ अर्ब ८३ करोड रुपैयाँ प्राप्त हुने भएको जनाएको छ।

त्यसैगरी, संघीय सरकारले सशर्त अनुदान शीर्षकमा ८ अर्ब १० करोड रुपैयाँ विनियोजन गरेको छ। विभिन्न विकास आयोजना तथा कार्यक्रम सञ्चालनका लागि विशेष अनुदान अन्तर्गत ७० करोड रुपैयाँ तथा समपूरक अनुदान अन्तर्गत ९४ करोड रुपैयाँ उपलब्ध गराइने भएको छ।

समग्रमा मधेश प्रदेशले आगामी आर्थिक वर्षमा संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष, सम्पूरक अनुदान तथा राजस्व बाँडफाँट गरी कुल ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्ने जनाएको छ।

प्रदेश सरकारका लागि प्राप्त हुने यी स्रोतहरू पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा अन्य सार्वजनिक सेवा प्रवाहका कार्यक्रम सञ्चालनमा खर्च गरिने अपेक्षा गरिएको छ।

## सरहा नगरपालिकामा ताल्चामाथि ताल्चा ............

सञ्चालनमा आएको नगरपालिकाले जनाएको छ। यसअघि कार्यपालिका बैठक बोलाउनुपर्ने, योजना संशोधन गर्नुपर्ने तथा प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिको सुनिश्चितता गर्नुपर्ने माग राख्दै वडा नं. ६ का अध्यक्ष इन्द्रजित यादव र वडा नं. २ का अध्यक्षले विरोधस्वरूप तालाबन्दी गरेका थिए।

तालाबन्दीका कारण नगरपालिकाको आर्थिक तथा प्रशासनिक काम प्रभावित भएको थियो। सम्बन्धित पक्षबीच भएको छलफलपछि सहमतिको वातावरण बनेसँगै ताल्चा खोलिएको बताइएको छ।

नगरपालिकाले अब नियमित सेवा प्रवाहमा कुनै अवरोध नहुने जनाएको छ।

## डीआरसीएनले सार्वजनिक गऱ्यो निर्वाचन पर्यवेक्षण ............

प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले असामान्य परिस्थितिमा निर्वाचन सम्पन्न गराउनु चानचुने विषय नभएको र आफूहरूले ठूलो मिहिनेत र लगावका कारण त्यस्तो सम्भव भएको बताउँदै पर्यवेक्षण गर्ने संस्थाले खाली नकारात्मक तथ्य मात्रै नखोजी सकारात्मक प्रयास र पहलको पनि टीकाटिप्पणी गरी सन्तुलित प्रतिवेदन ल्याउनुपर्ने सुझाव दिए।

प्रतिवेदनमाथि समीक्षात्मक टिप्पणी गर्दै नेसनल डेमोक्रेटिक इन्स्टिच्युटकी कन्ट्री रिप्रिजेन्टेटिभ विदुषी ढुंगेलले यस प्रतिवेदनमा भएका सुझाव डिआरसिएनजस्ता संस्थाहरूले पछिल्ला निर्वाचनहरूदेखि नै लगातार भनिआएकाले निर्वाचन आयोगले गम्भीर रुपमा लिनुपर्ने बताइन्।

अर्का टिप्पणीकार अर्नव चौधरीले यो प्रतिवेदन असामान्य समयमा भएको निर्वाचनको महत्वपूर्ण दस्तावेज भएको बताए। उनले प्रतिवेदनले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा सामाजिक सञ्जालको प्रभावलाई पनि गहिरोसँग विश्लेषण गरेको उल्लेख गर्दै डीआरसीएनले निर्वाचनको बँदलिदो प्रचारको मैदानलाई बुझेको बताए।

डीआरसीएनका अध्यक्ष आलोक पोखरेलले आफ्नो संस्थाले काम गर्ने मूल विषय निर्वाचन, सुशासन, लोकतन्त्र, संघीयता भएको र यही विषयमा गहन अध्ययन र विश्लेषण गरी प्रतिवेदन निकाल्ने र सार्वजनिक बहसमा ती अध्ययनका निष्कर्षलाई ल्याउने काम गरेको बताउँदै आगामी निर्वाचनमा पनि पर्यवेक्षण गर्ने प्रतिबद्धता जनाए।

कुल ९४ जना पर्यवेक्षकले ३४ जिल्लाका ६४ स्थानीय तहका २०४ वडामा पर्यवेक्षण गरेका थिए। यसले कुल ४१३ मतदानस्थलका ४५२ मतदान केन्द्र समेटेको थियो। यो प्रतिवेदन नेपाली र अङ्ग्रेजी भाषामा डिआरसिएनको वेवसाइटमा उपलब्ध छ।

## मधेश आन्दोलनका सहीद परिवारहरू फेरि ............

हुने निश्चित भएको बताए।

पटेलका अनुसार बजेट फ्रिज हुनुको मुख्य कारण मुख्यमन्त्री र गृहमन्त्री रहेको छ। संघीयता स्थापना भएको समय मधेश प्रदेश सरकारले एक सहीद एक रोजगार घोषणा गरेको थियो। सो अनुरुप हरेक सहीद परिवारको एक सदस्यले पाउनु पर्ने रोजगारी सबैलाई दिनुपर्ने सहीद परिवारका सदस्यहरुको माग रहेको पटेलले जानकारी दिए।

उनले सहीद परिवारका सदस्यहरुको शिक्षा, स्वास्थ्यको ग्यारेन्टि गर्नु पर्ने माग रहेको बताए। सहीद परिवारका निम्ति प्रदेश सरकारले २ वर्ष देखि ल्याउने भनेको ऐन हालसम्म प्रदेश सभामा पनि प्रस्तुत नगरेकोमा सो ऐन छिटो भन्दा छिटो प्रदेश सभामा प्रस्तुत गर्नु पर्ने आफूहरुको माग रहेको पटेलको भनाई छ।

सहीद परिवारका सदस्यहरुले मंगलबार मुख्यमन्त्री कार्यालय घेराउ गर्ने, बुधबार भुख हडतालमा बस्नेलगायतका निरन्तर आन्दोलनका विभिन्न रणनीतिहरु अपनाउँदै जाने मधेशी सहिद प्रतिष्ठानका सदस्य पटेलले जानकारी दिए।


**बिमा लेख हरायो**

मिति २०८३/०१/०५ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : मिना कुमारी तेली
ठेगाना: थलाहा कटहा-७, सिरहा
पोलिसी नं.: २२०००९७४०

**बिमा लेख हरायो**

मिति २०८३/०१/१० मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : जागेश्वर तेली साह
ठेगाना : लहान-७, सिरहा
पोलिसी नं.: २२०००६५०७

**बिमा लेख हरायो**

मिति २०८३/०१/१५ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : संतोष कुमार साह
ठेगाना: राम नगर मिर्चैया-२, सिरहा
पोलिसी नं.: २२००२१०११

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)